# मालिका गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
अर्खाबाङ्ग, गुल्मी

लुम्बिनी प्रदेश, नेपाल

प.स.: २०८२।८३

च.न.: १५३६

मिति : २०८३।०२।२१ गते

ने सं : ११४६

श्री विषयगत शाखा (सवै)

श्री वडा कार्यालय (सवै)

श्री निर्माण व्यवसायी (सवै)

श्री उपभोक्ता समिति (सवै)

श्री सरोकारवाला संघ संस्था (सवै)

विषय: चालु आ. व. को भुक्तानी र खाता बन्द हुने सम्बन्धमा ।

प्रस्तुत विषयमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० (१) बमोजिम भुक्तानी दिनुपर्ने रकम आर्थिक वर्ष सम्पन्न हुनु भन्दा कम्तिमा ७ (सात) दिन अगावै भुक्तानी सम्पन्न गरि निकासा र खर्चको लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नुपर्ने कानुनी प्रावधान रहेको र आर्थिक वर्षको अन्त्यमा कामको चाप अत्याधिक हुने, अधिक प्रयोगका कारण स्थानीय संचित कोष व्यवस्थापन प्रणाली ( Sub-National Treasury Regulatory Application (SuTRA) डाउन हुने, हावाहुरी, वर्षात तथा अन्य कारणले इन्टरनेट संचालनमा अवरोध आउने, संघीय सरकारबाट निर्धारित सिलिङ्ग बमोजिम राजस्व र अनुदान प्राप्त नभई सम्पन्न योजनाको प्राथमिकीकरण गर्नुपर्ने, संघीय सरकार तथा प्रदेश सरकारलाई फिर्ता गर्नुपर्ने अनुदानहरु फिर्ता गरि सो को प्रतिवेदन पठाउनुपर्ने, कोष तथा लेखा नियन्त्रक कार्यालयमा भौचर बुझाउनुपर्ने र सबै कारोबारको हिसाब मिलान गर्नुपर्ने लगाएतका कारणले यस गाँउपालिकाबाट संचालित सम्पुर्ण कार्यक्रमहरु तथा योजनाको मिति २०८३।०३।१० गते भित्र कार्यालयमा पेश गरि मिति २०८३।०३।१५ गतेभित्र अनिवार्य भुक्तानी लिनुहुन अनुरोध छ । साथै सो अवधिमा भुक्तानीको विवरण संलग्न नगरि भुक्तानी नलिएमा कार्यालय जवाफदेही नहुने व्यहोरा सम्बन्धित सवैमा जानकारीका लागि हार्दिक अनुरोध छ ।

०२।२१

(विवेक खनाल)

प्रमुख प्रशासकीय अधिकृत

सादर अवगतार्थ:

- श्री अर्थ मन्त्रालय सिंहदरबार, काठमाडौ ।
- श्री आर्थिक मामिला तथा योजना मन्त्रालय, लुम्बिनी प्रदेश।
- श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, गुल्मी ।
- श्री गाँउपालिका अध्यक्ष ज्यू,
- श्री गाँउपालिका उपाध्यक्ष ज्यू,